**नागढुङ्गा सुरुङमार्ग निर्माण सम्पन्न समारोहमा नेपालका लागि जापानी राजदूतको मन्तव्य**

**जुलाई २७, २०२६**

नेपालको पूर्वाधार विकासको इतिहासमा एउटा महत्वपूर्ण कोसेढुङ्गाका रूपमा रहेको नागढुङ्गा सुरुङमार्ग निर्माण सम्पन्न भएको यस ऐतिहासिक क्षणमा यहाँहरूसँग उपस्थित हुन पाउँदा म अत्यन्तै गौरवान्वित महसुस गरिरहेको छु। नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वार्षिकोत्सव मनाइरहेकै वर्षमा यो उदघाटन हुनुले यसको महत्वलाई अझ विशेष बनाएको छ।

यो सुरुङमार्ग जापानी  विकास सहायता (ODA) अन्तर्गत लगभग २२.३ अर्ब जापानी येन (करिब २१.२ अर्ब नेपाली रुपैयाँ) को सहुलियतपूर्ण ऋण सहयोगमा निर्माण भएको हो। यो आयोजना हाम्रा दुई देशबीचको प्रगाढ र चिरस्थायी साझेदारीको जीवन्त प्रतीक हो। जापान सरकार तथा जापानी जनताका तर्फबाट म यस ऐतिहासिक दिनमा यस आयोजनामा अतुलनीय योगदान पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूका साथै यस सुरुङमार्गबाट शीघ्र आर्थिक तथा सामाजिक लाभ प्राप्त गर्नुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक बधाई ज्ञापन गर्दछु।

नेपालको पहिलो पहाडी सडक सुरुङमार्गका रूपमा रहेको नागढुङ्गा सुरुङमार्गले देशको पूर्वाधार विकासमा एउटा नयाँ अध्यायको सुरुवात गरेको छ। काठमाडौँलाई नेपालको दोस्रो ठूलो शहर पोखरासँग जोड्ने यो सुरुङमार्गले विकट पहाडी भू-बनोटका कारण लामो समयदेखि थप्प जस्तै बनेको आवतजावत र ढुवानीलाई उल्लेख्य रूपमा सहज बनाउनेछ भन्ने मलाई विश्वास छ। यसले स्थानीय समुदायको जीवनस्तर सुधार गर्न र समग्र क्षेत्रको आर्थिक गतिविधिलाई चलायमान बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

निर्माणका क्रममा यस आयोजनाले कठिन चुनौतीहरूको सामना गर्नुपऱ्यो। हिमालय क्षेत्रको निरन्तर सक्रिय भू-गर्भका कारण

उत्पन्न भौगर्भिक हलचल तथा भिषण वर्षाका कारण पश्चिमी प्रवेशद्वार (पोर्टल) नजिकै गएको पहिरोले आयोजनालाई निरन्तर बाधा पुऱ्याइरह्यो। पटक-पटकका यी जटिलताहरूले मानवीय क्षमता र सम्भावनाको कडा परीक्षा लिएका थिए। तैपनि, जापानमा १५,००० भन्दा बढी सुरुङमार्ग निर्माण गर्दा हासिल भएको जापानी विशेषज्ञता र प्रविधिलाई सदुपयोग गर्दै, नेपाली इन्जिनियर तथा श्रमिकहरूसँग हातेमालो गर्दै ती सम्पूर्ण चुनौतीहरूलाई एक-एक गरी पार गरियो। म यस आयोजनामा आफूलाई समर्पित गरी यो उपलब्धि सम्भव बनाउनुहुने सम्पूर्ण व्यक्तिहरूप्रति मेरो गहिरो सम्मान र हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। यस आयोजनामार्फत हासिल भएको प्राविधिक ज्ञान र सुरक्षा मापदण्डहरू नेपाली इन्जिनियरहरूमाझ संस्थागत हुनेछ भन्ने मैले आशा लिएको छु।

आज हामी सबै यस ठाउँमा उपस्थित भएर नागढुङ्गा सुरुङमार्गको निर्माण सम्पन्न भएको सुखद क्षणको साक्षी बनिरहेका छौं। निर्माण व्यवसायी, इन्जिनियर र श्रमिकहरूका लागि यो एउटा ठूलो जिम्मेवारीको सफल समापन हो। तर, यसका साथसाथै यो सुरुङमार्गले आगामी दिनमा नेपाली जनतालाई निरन्तर  लाभ दिइरहोस् भन्ने सुनिश्चित गर्न नेपाल सरकारका लागि अर्को ठूलो जिम्मेवारीको सुरुवात पनि हो। नेपालको पूर्वाधार विकास मन्त्रालयले आगामी वर्ष र दशकौंसम्म यस सुरुङमार्गलाई आत्मनिर्भर र दिगो रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने गरी आफ्नै दक्षता अभिवृद्धि गर्नेछ भन्नेमा म विश्वस्त छु।
यसै वर्षको मार्च महिनामा नेपालमा लोकतान्त्रिक निर्वाचनमार्फत नयाँ सरकार गठन भएको छ। नयाँ सरकारको नेतृत्वमा जनताको व्यापक समर्थनका साथ नेपाल अझ बढी स्थिरता र समृद्धिको मार्गमा तीव्र गतिमा अघि बढ्नेछ भन्ने जापानको हार्दिक कामना छ। नागढुङ्गा सुरुङमार्गले आर्थिक विकासको लागि बलियो आधारको रूपमा काम गर्नेछ र नेपालको उज्ज्वल तथा आशाजनक भविष्य निर्माणमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने हामीले आशा राखेका छौं। लामो समयदेखिको विकास साझेदारको रूपमा, जापान नेपाल सरकारसँग विभिन्न क्षेत्रहरूमा नजिकबाट काम गर्न प्रतिबद्ध छ र आगामी वर्षहरूमा त्यो सहकार्यलाई अझ प्रगाढ बनाउन उत्सुक छ।

धेरै धेरै धन्यवाद।